# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

८ माघ, २०७७

### गङ्गामायाको जीवन रक्षाका लागि संवेदनशील बन ।

छोरा कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न दोषीलाई कानूनी कारवाहीको माग गर्दै लामो समयदेखि अनसनरत गङ्गामाया अधिकारीको स्वास्थ्य स्थिति सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर अनुगमन गरिरहेको छ ।

आयोगको बागमती प्रदेश कार्यालयले उहाँको जीवनरक्षा, स्वास्थ्य उपचार तथा उचित बसोबासको व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र वीर अस्पताललाई पत्राचार गरेको छ । पछिल्लोपटक २०७७ पुस ६ गतेदेखि आमरण अनसनमा रहनुभएकी गङ्गामाया अधिकारीलाई ट्रमा सेन्टरको आकस्मिक कक्षमा राखिएको भए तापनि निजको स्वास्थ अवस्था दिनप्रतिदिन गम्भीर बन्दै गएको पाइएको छ ।

अतः निज गङ्गामाया अधिकारीको न्याय प्राप्तिको हक सुनिश्चित गर्दै जीवन रक्षा तथा उचित बसोबासको व्यवस्थापन गर्न, निजको जीवन रक्षाको लागि प्रभावकारी कदम चाल्न तथा यसअघि नेपाल सरकारले गरेका सम्झौताहरूको पालना गर्न आयोग नेपाल सरकारसँग पुनः आग्रह गर्दछ । साथै, आमरण अनसन जस्तो जोखिमयुक्त बाटो नरोज्न आयोग अनसनरत गङ्गामाया अधिकारीलाई आग्रह गर्दछ ।

..............................

डा. टीकाराम पोखरेल

प्रवक्ता

(सहसचिव)


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org